कार्यपालिकाको बैठक संख्या :- ६८

बैठक मिति :- २०७६।१०।०२

निर्णय नं. १

यस उपमहानगरपालिकाबाट गठित नदि, खोला र पैनीहरुको क्षेत्राधिकार (Right of way) निर्धारण समितिबाट पेश भएको प्रतिबेदन माथि छलफल भयो । थप छलफलको लागि आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. २

यस उपमहानगरपालिकाबाट गठित सडकहरुको क्षेत्राधिकार (Right of way) निर्धारण समितिबाट पेश भएको प्रतिबेदन माथि छलफल भयो । उक्त समितिको सदस्य सचिव रिक्त रहेको हुँदा सहायकस्तर पाँचौं श्री महेश सुवेदीलाई मनोनयन गरी थप छलफलको लागि आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

कानून मस्यौदा समितिबाट पेश हुन आएका देहाय अनुसारका नियमावलीहरु स्वीकृत गर्ने निर्णय गरियो ।

देहाय

(क) सहकारी नियमावली, २०७६

(ख) करारमा कर्मचारी नियुक्ति गर्ने सम्बन्धमा बनेको नियमावली, २०७६

(ग) रात्री वजार संचालन सम्बन्धी नियमावली, २०७६

(घ) योजना संचालन सम्बन्धी नियमावली, २०७६

(ङ) समुदायमा आधारित पुर्नस्थापना सहजकर्ता छनौट सम्बन्धी नियमावली, २०७६